# बीमा प्रतिबिम्ब

नेपाली बीमा क्षेत्रको मासिक तथ्यांक संस्करण
वर्ष १ अंक १ २०८१ चैत्र

## पृष्ठभुमी

बीमा क्षेत्र अर्थतन्त्रको महत्वपूर्ण स्तम्भ हो, जसले वित्तीय सुरक्षाका साथै दीर्घकालीन लगानी र सामाजिक स्थायित्वमा योगदान पुऱ्याउँछ। नेपालमा यस क्षेत्रको प्रभावकारी नियमन, अनुगमन, तथा विश्लेषणको कार्य नियमनकारी निकाय नेपाल बीमा प्राधिकरणले गर्दछ।

नेपाली बीमा बजारमा आ.व. २०८१/८२ को चैत्र मसान्तसम्म ३७ वटा बीमा कम्पनी सञ्चालनमा रहेका छन्। कार्य प्रकृतिको आधारमा १४ जीवन बीमा, १४ निर्जीवन बीमा, ७ लघुबीमा (३ जीवन लघुबीमा र ४ निर्जीवन लघुबीमा) र २ पुनर्बीमा कम्पनीले व्यवसाय गर्दै आइरहेका छन्। त्यसैगरी, नेपालको कुल गार्हस्थ्य उत्पादनमा बीमाको योगदान बढ्दो क्रममा रहेको छ। साथै, बीमा ऐन, २०७९ ले निर्देशित गरेको कार्य क्षेत्र भित्र रही प्राधिकरणले आफ्नो काम कार्यवाही गर्दै आएको छ।

बीमा क्षेत्रमा मुख्य तथ्यांकहरुको विश्लेषणले बीमा क्षेत्रमा भएको प्रगति, चुनौतीहरू, तथा नीतिगत आवश्यकताहरूको पहिचान गर्न सहयोग पुऱ्याउँछ। यस मासिक तथ्यांक संस्करण मार्फत बीमा पहुँच, बीमकहरूको वित्तीय अवस्था, दाबी, बीमालेख संख्या, बीमाशुल्क संकलन लगायतका प्रमुख सुचकहरुको अध्ययन गरिएको छ।

यो विश्लेषण बीमा क्षेत्रको पारदर्शिता, जवाफदेहिता, तथा नीतिनिर्माणका लागि आधार हुनेछ साथै, बीमकहरु, नीति निर्माता, अनुसन्धानकर्ता, र आम सर्वसाधारणलाई उपयोगी जानकारी प्रदान गर्ने उद्देश्यले तयार पारिएको छ।

## नेपाली बीमा बजार

आ.व. २०८१/८२को चैत्रमसान्तसम्ममा बीमाक्षेत्रको मुख्य उपलब्धी देहाय बमोजिम रहेका छन्।

### १. बीमालेख संख्या

| सि.नं. | सूचक | २०८० चैत्र मसान्तसम्ममा | २०८१ चैत्र मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|---|
| १ | जीवन बीमालेख संख्या (*म्यादि, लघु म्यादि र बैदेशिक रोजगार जीवन बीमालेख बाहेक*) | ५,५६२,३७० | ५,३६४,०९१ | (३.५६) |
| २ | म्यादि र लघु म्यादि जीवन बीमालेख संख्या | ६,२६१,४१३ | ६,५६७,२६३ | ४.८८ |

| | | | | |
|---|---|---|---|---|
| ३ | वैदेशिक रोजगार बीमालेख संख्या | २,०४२,८३२ | २,४६८,२१९ | २०.८२ |
| ४ | **कुल सक्रिय जीवन बीमालेख संख्या** | १३,८६६,६१५ | १४,३९९,५७३ | ३.८४ |
| ५ | **कुल जारी जीवन बीमालेख संख्या** | ५,०८६,८९० | ४,४१३,०२२ | (१३.२५) |
| ६ | **कुल निर्जीवन बीमालेख संख्या** | २,२६२,३२६ | २,४१२,३३१ | ६.६३ |

चालु आ.व २०८१/८२ को चैत्र मसान्तसम्ममा जीवन र लघुजीवन बीमा कम्पनीहरुबाट ४४ लाख १३ हजार २२ वटा बीमालेख जारी भएका छन् भने निर्जीवन र लघु निर्जीवन बीमा कम्पनीहरुबाट जम्मा २४ लाख १२ हजार ३३१ वटा बीमालेख जारी भएका छन्। साथै, यस आ.व.को चैत्र मसान्तसम्ममा १ करोड ४३ लाख ९९ हजार ५७३ वटा सक्रिय जीवन बीमालेख छन्।

## २. बीमाशुल्क संकलन

| सि.नं. | सूचक | २०८० चैत्र मसान्तसम्ममा | २०८१ चैत्र मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|---|
| ७ | प्रथम जीवन बीमाशुल्क संकलन रु.लाखमा | २१५,४१६.२२ | २७४,७३७.२८ | २७.५४ |
| ८ | नविकरण जीवन बीमाशुल्क संकलन रु. लाखमा | ८८६,१९९.८७ | ९९५,६३१.९९ | १२.३५ |
| ९ | **कुल जीवन बीमाशुल्क संकलन रु.लाखमा** | १,१०१,६१६.०९ | १,२७०,३६९.२७ | १५.३२ |
| १० | **कुल निर्जीवन बीमाशुल्क संकलन रु.लाखमा** | ३०१,५३०.२३ | ३२८,१६६.९४ | ८.८३ |
| ११ | **जम्मा बीमाशुल्क संकलन रु. लाखमा** | १,४०३,१४६.३२ | १,५९८,५३६.२० | १३.९३ |

चालु आ.व २०८१/८२ को चैत्र मसान्तसम्ममा जीवन तथा लघुजीवन बीमा तर्फ रु. १ खर्ब २७ अर्ब ४ करोड (७९.४७%) र निर्जीवन तथा लघु निर्जीवन बीमा तर्फ ३२ अर्ब ८२ करोड (२०.५३%) गरी कुल रु. १ खर्ब ५९ अर्ब ८५ करोड बीमाशुल्क संकलन भएको छ।

### ३. बीमा दाबी भुक्तानी विवरण

| सि.नं. | सूचक | २०८० चैत्र मसान्तसम्ममा | २०८१ चैत्र मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|---|
| ११ | **जीवन बीमा दाबी भुक्तानी संख्या** | २३१,३४५ | २००,८१० | (१३.२०) |
| १२ | **जीवन बीमा दाबी भुक्तानी रकम रु.लाखमा** | ४७४,१७३.५४ | ४५३,७९४.०९ | (४.३०) |
| १३ | **भुक्तानी हुन वाँकी दाबी संख्या** *(जीवन)* | २७,११७ | ५२,६८७ | ९४.३० |
| १४ | **भुक्तानी हुन वाँकी दाबी रकम रु.लाखमा** *(जीवन)* | २२,७७९.०१ | ४४,३२२.७१ | ९४.५८ |
| **१५** | **निर्जीवन बीमा दाबी भुक्तानी संख्या** | १०६,५६३ | १०१,७१३ | (४.५५) |
| १६ | **निर्जीवन बीमा दाबी भुक्तानी रकम रु.लाखमा** | १२५,०९१.९५ | १६६,२२८.६८ | ३२.८९ |
| १७ | **भुक्तानी हुन वाँकी दाबी संख्या** *(निर्जीवन)* | १०३,०९७ | १०४,८७२ | १.७२ |
| १८ | **भुक्तानी हुन वाँकी दाबी रकम रु.लाखमा***(निर्जीवन)* | २०६,४८७.६३ | ३०९,३६४.६६ | ४९.८२ |

चालु आ.व २०८१/८२ को चैत्र मसान्तसम्म जीवन बीमकहरुले भुक्तानी गरेको दाबीको संख्या २ लाख ८१० रहेको छ जस अन्तर्गत रु. ४५ अर्ब ३८ करोड भुक्तानी भएको छ। गत आ.व.को चैत्र मसान्तसम्मको तुलनामा दाबी भुक्तानी संख्या र रकममा केही कमी आएको देखिन्छ। साथै, ५२ हजार ६८७ वटा दाबी अन्तर्गतको रु. ४ अर्ब ४३ करोड भुक्तानी हुन बाँकी रहेको छ।

त्यसैगरी, निर्जीवन बीमकहरुबाट चालु आ.व २०८१/८२ को चैत्र मसान्तसम्ममा कुल १ लाख १ हजार ७१३ वटा दाबी भुक्तानी भएको छ जस अन्तर्गत रु १६ अर्ब ६२ करोड भुक्तानी भएको छ भने, ३० अर्ब ९४ करोड रुपैँयाको कुल १ लाख चार हजार ८७२ वटा दाबी संख्या भुक्तानी हुन बाँकी रहेको छ।

### ४. जीवन बीमाको पहुँच

| सूचक | २०८० चैत्र मसान्तसम्ममा | २०८१ चैत्र मसान्तसम्ममा |
|---|---|---|
| बीमाको दायरामा आएको जनसंख्या प्रतिशतमा *(म्यादि, लघु म्यादि र बैदेशिक रोजगार जीबन बीमालेख बाहेक)* | १७.२४ | १६.४८ |

| | | |
|---|---|---|
| बीमाको दायरामा आएको जनसंख्या प्रतिशत *(म्यादि र लघु म्यादि जीवन बीमालेख सहित)* | ३६.६५ | ३६.६५ |
| **बीमाको दायरामा आएको जनसंख्या प्रतिशत** *(म्यादि,लघुम्यादि र बैदेशिक रोजगार जीवन बीमालेख सहित)* | ४३.३२ | ४४.६४ |

*१. राष्ट्रिय तथ्याङ्क कार्यालयले वि.स. २०७८ सालको जनगणनाको प्रतिवेदनमा प्रकाशित जनसंख्याको वृद्धि प्रतिशतका आधारमा यस महिनासम्मको जनसंख्या प्रक्षेपण गरी बीमाको दायरा गणना गरिएको।*

राष्ट्रिय तथ्यांक कार्यालयले प्रकाशित गरेको २०७८ सालको जनगणनाको प्रतिवेदनमा प्रकाशित जनसंख्याको बृद्धि प्रतिशतका आधारमा चैत्र मसान्तसम्मको जनसंख्या प्रक्षेपण गरी बीमाको दायरा गणना गर्दा ४४.६४% जनसंख्यामा बीमाको पहुँच पुगेको छ भने ५५.३६% जनसंख्या बीमाको पहुँच बाहिर रहेको पाईएको छ।

## ५. समर्पण तथा व्यतित विवरण

| सि.नं. | सूचक | २०८० चैत्र मसान्तसम्ममा | २०८१ चैत्र मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|---|
| १९ | समर्पण संख्या | ८१,१३६ | ८०,१८७ | (१.१७) |
| २० | समर्पण रकम (रु.लाखमा) | ९९,४४८.९६ | ११०,९७१.८९ | ११.५९ |
| २१ | व्यतित बीमालेखको संख्या | १,१५८,२९९ | १,२४६,३०१ | ७.६० |
| २२ | व्यतित बीमालेखको रकम (रु.लाखमा) | ३४०,३७१.३८ | ३६८,७२०.१९ | ८.३३ |

चालु आ.व २०८१/८२ को चैत्र मसान्तसम्म ८० हजार १८७ वट बीमालेख समर्पण भएका छन् जस अन्तर्गत रु ११ अर्ब ९ करोड ७१ लाख समर्पण रकम रहेको छ। त्सैगरी, १२ लाख ४६ हजार ३०१ बीमालेख व्यतित भएकाछन् भने व्यतित बीमालेखको रकम रु ३६ अर्ब ८७ करोड रहेको छ।

## ६. बीमकको शाखा कार्यालय तथा कर्मचारीको विवरण

| सि.नं. | सूचक | २०८० चैत्र मसान्तसम्ममा | २०८१ चैत्र मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|---|
| २६ | जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या | १,८३३ | १,८४४ | ०.६० |

| | | | | |
|---|---|---|---|---|
| २७ | निर्जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या | १,१०३ | १,१५५ | ४.७१ |
| २८ | **बीमा कम्पनीहरुको जम्मा कार्यालय संख्या** | २,९३६ | २,९९९ | २.१५ |
| २९ | जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या | ५,७९४ | ६,०५५ | ४.५० |
| ३० | निर्जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या | ५,७७५ | ६,०३६ | ४.५२ |
| ३१ | **बीमा कम्पनीहरुको जम्मा कर्मचारी संख्या** | ११,५६९ | १२,०९१ | ४.५१ |

चालु आ.व.को चैत्र मसान्तसम्ममा जीवनमा १,८४४, निर्जीवनमा १,१५५ गरी जम्मा शाखा संख्या २,९९९ पुगेको छ भने जीवन तर्फ ६,०५५ र निर्जीवन तर्फ ६,०३६ गरी कुल १२ हजार ९१ जना कर्मचारी कार्यरत छन्।

## ७. बीमकको लगानीको विवरण

| सूचक | २०८० चैत्र मसान्तसम्ममा | २०८१ चैत्र मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|
| जीवन बीमाको लगानी रु. लाखमा | ६,३७३,७६७.०२ | ७,०५०,९१३.२९ | १०.६२ |
| निर्जीवन बीमाको लगानी रु. लाखमा | ६३७४०८.९२ | ७०८,६४१.११ | ११.१८ |
| पुनर्बीमाको लगानी रु. लाखमा | ३५७४१३.९० | ४०६,३६२.९९ | १३.७० |
| **कुल लगानी रु. लाखमा** | ७३६८५८९.८४ | ८,१६५,९१७.३९ | १०.८२ |

बीमा व्यवसाय गर्ने बीमकको लगानी क्रमशः वृद्धि हुँदै गईरहेको छ र चालु आ.व. को दोस्रो त्रैमाससम्म १०.८२% ले बृद्दि भई रु. ८ खर्ब १६ अर्ब ५९ करोड पुगेको छ।

## ८. बीमालेख अनुसार जारी जीवन बीमालेख संख्या

| सि.नं. | जीवन बीमालेख | २०८० चैत्र मसान्तसम्ममा | २०८१ चैत्र मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|---|
| १ | सावधिक जीबन बीमा | १६०,९५१ | २१४,८०४ | ३३.४६ |
| २ | अग्रिम भुक्तानी सावधिक जीबन बीमा | २६,०९३ | २६,११२ | ०.०७ |

| | | | | |
|---|---|---|---|---|
| ३ | रुपान्तरित सावधिक जीवन बीमा | ३५,३४५ | ३५,९१५ | १.६१ |
| ४ | बालबच्चा सम्बन्धि सावधिक जीबन बीमा | ६३,०४६ | ७७,००९ | २२.१५ |
| ५ | बैदेशिक रोजगार म्यादि जीबन बीमा | ५४२,८०२ | ६१०,७९७ | १२.५३ |
| ६ | आजिबन जीबन बीमा | ५,५७७ | ४,०९७ | (२६.५४) |
| ७ | एकल बीमाशुल्क जीबन बीमा | १०,९४० | १५,८८५ | ४५.२० |
| ८ | म्यादि जीबन बीमा | २,२१३,६२४ | ७९२,५५० | (६४.२०) |
| ९ | लघु जीबन बीमा | २,०२२,८३० | २,६२८,२७० | २९.९३ |
| १० | अन्य जीवन बीमा | ५,६८२ | ७,५८३ | ३३.४६ |
| **जम्मा** | | **५,०८६,८९०** | **४,४१३,०२२** | **(१३.२५)** |

चालु आ.व.को चैत्र मसान्तसम्ममा जीवन बीमकहरुले जारी गर्दै आएका बीमालेखहरुमा सबै भन्दा बढी लघु जीवन बीमाको रहेको छ भने सबै भन्दा कम संख्यामा आजिवन बीमालेख जारी भएका छन् ।

## ९. बीमालेख अनुसार जारी निर्जीवन बीमालेख संख्या

| सि.नं. | निर्जीवन बीमालेख | २०८० चैत्र मसान्तसम्ममा | २०८१ चैत्र मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|---|
| १ | सम्पत्ति | ३७९७८६ | ३६४४७३ | (४.०३) |
| २ | सामून्द्रिक | २३१५१२ | २९४३२३ | २७.१३ |
| ३ | हवाई | १०० | ९९ | (१.००) |
| ४ | मोटर | १३०८७५१ | १२०७४४२ | (७.७४) |
| ५ | इन्जिनियरिङ तथा ठेकेदार  जोखिम | २०८४४ | २२५७९ | ८.३२ |
| ६ | विविध | १२१८७८ | १२४९५१ | २.५२ |

| | | | | |
|---|---|---|---|---|
| ७ | कृषि तथा बाली | ११३६४५ | ११०५६८ | (२.७१) |
| ८ | लघु | ८५८१० | २८७८९६ | २३५.५० |
| **जम्मा** | | २२६२३२६ | २४१२३३१ | ६.६३ |

चालु आ.व.को चैत्र मसान्तसम्ममा निर्जीवन बीमकहरुले जारी गर्दै आएका बीमालेखहरुमा सबै भन्दा बढी संख्या मोटर बीमाको रहेको छ जस अन्तर्गत १२ लाख ७ हजार ४४२ बीमालेख जारी भएका छन् भने सबै भन्दा कम संख्या हवाई बीमाको रहेको छ जस अन्तर्गत ९९ वटा बीमालेख जारी भएका छन् ।

## १०. बीमालेख अनुसार जीवन बीमामा कुल बीमाशुल्क संकलन (रु लाखमा)

| सि.नं. | जीवन बीमालेख | २०८० चैत्र मसान्तसम्ममा | २०८१ चैत्र मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|---|
| १ | सावधिक जीवन बीमा | ४१३,४५५.६१ | ४८७,६६८.७२ | १७.९५ |
| २ | अग्रिम भुक्तानी सावधिक जीवन बीमा | २५०,२९६.४२ | २६६,६४३.८१ | ६.५३ |
| ३ | रुपान्तरित सावधिक जीवन बीमा | १४६,६३८.९८ | १५६,९५१.७४ | ७.०३ |
| ४ | बालबच्चा सम्बन्धि सावधिक जीवन बीमा | १६९,०२८.४५ | १९४,३६३.४५ | १४.९९ |
| ५ | बैदेशिक रोजगार म्यादि जीवन बीमा | २२,८३८.८८ | २५,८७३.७० | १३.२९ |
| ६ | आजिबन जीवन बीमा | ३१,५३३.८८ | ३२,९४१.६१ | ४.४६ |
| ७ | एकल बीमाशुल्क जीवन बीमा | १५,६७५.४२ | ४९,१९२.६२ | २१३.८२ |
| ८ | म्यादि जीवन बीमा | ११,४३२.४४ | ११,१२९.०४ | (२.६५) |
| ९ | लघु जीवन बीमा | १९,९४४.६० | २१,१०४.८० | ५.८२ |
| १० | अन्य जीवन बीमा | २०,७७१.४१ | २४,४९९.७७ | १७.९५ |
| **जम्मा** | | १,१०१,६१६.०९ | १,२७०,३६९.२७ | १५.३२ |

चालु आ.व.को चैत्र मसान्तसम्ममा जीवन बीमकहरुले जारी गर्दै आएका बीमालेखहरुमा सबै भन्दा बढी बीमाशुल्क सावधिक जीवन बीमाबाट रु ४८ अर्ब ७६ करोड ६८ लाख संकलन भएको छ भने सबै भन्दा कम म्यादी बीमालेखबाट रु १ अर्ब ११ करोड २९ लाख संकलन भएको छ।

## १२. बीमालेख अनुसार निर्जीवन बीमामा कुल बीमाशुल्क संकलन

| सि.नं. | निर्जीवन बीमालेख | २०८० चैत्र मसान्तसम्ममा | २०८१ चैत्र मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|---|
| १ | **सम्पत्ति** | ७४,२७१.०० | ८१,९९७.७३ | १०.४० |
| २ | सामून्द्रिक | १४,७४१.४० | १८,९४७.५३ | २८.५३ |
| ३ | हवाई | १९,७८२.९४ | १८,१९९.२७ | (८.०१) |
| ४ | मोटर | ९२,८९२.१४ | ९८,२८७.६४ | ५.८१ |
| ५ | इन्जिनियरिङ तथा ठेकेदार जोखिम | ४७,५११.५० | ५५,६०१.६३ | १७.०३ |
| ६ | विविध | ३३,८६५.८९ | ३५,७४६.३५ | ५.५५ |
| ७ | कृषि तथा बाली | १६,७६२.९१ | १२,३८८.९८ | (२६.०९) |
| ८ | लघु | १,७०२.४६ | ६,९९७.८२ | ३११.०४ |
| **जम्मा** | | ३०१,५३०.२३ | ३२८,१६६.९४ | ८.८३ |

चालु आ.व.को चैत्र मसान्तसम्ममा निर्जीवन बीमकहरुले जारी गर्दै आएका बीमालेखहरुमा सबै भन्दा बढी बीमाशुल्क मोटर बीमाबाट रु ९ अर्ब ८२करोड ८८ लाख संकलन भएको छ भने सबै भन्दा कम लघु बीमालेखबाट रु ६९ करोड ९८ लाख संकलन भएको छ।

## १३. सोल्भन्सी अनुपात

| जीवन बीमक | न्यूनतम तोकिएको अनुपात | सॉल्वेन्सी अनुपात |
|---|---|---|
| नेशनल लाइफ | १.३ | १.३४ |
| नेपाल लाइफ | १.३ | १.४५ |
| एलआईसी नेपाल | १.३ | १.४६ |
| मेटलाइफ एलिको | १.३ | २.७० |

| | | |
|---|---|---|
| आइएमई लाइफ इन्स्योरेन्स | १.३ | ३.१४ |
| रिलायबल नेपाल लाइफ | १.३ | ३.६१ |
| सिटिजन लाइफ इन्स्योरेन्स | १.३ | ३.४२ |
| सूर्यज्योति लाइफ इन्स्योरेन्स | १.३ | २.४७ |
| सानिमा रिलायन्स लाइफ | १.३ | १.३९ |
| प्रभु महालक्ष्मी लाइफ | १.३ | १.९६ |
| हिमालयन लाइफ इन्स्योरेन्स | १.३ | १.८१ |
| क्रेस्ट माइक्रो लाइफ | १.५ | १.९७ |
| गार्डियन माइक्रो लाइफ | १.५ | १.९७ |
| लिबर्टी माइक्रो लाइफ | १.५ | २.०० |
| **निर्जीवन बीमक** | **न्यूनतम तोकिएको अनुपात** | **सॉल्वेन्सी अनुपात** |
| नेपाल इन्स्योरेन्स | १.३ | ४.६१ |
| ओरियन्टल | १.३ | २.६६ |
| नेको इन्स्योरेन्स | १.३ | ३.०६ |
| शिखर इन्स्योरेन्स | १.३ | २.६९ |
| एनएलजी इन्स्योरेन्स | १.३ | ३.४२ |
| हिमालयन एभरेष्ट | १.३ | ३.१५ |
| सानिमा जीआईसी | १.३ | २.६३ |
| सगरमाथा लुम्बिनी | १.३ | २.७६ |
| सिद्धार्थ प्रिमियर | १.३ | ४.३२ |
| आईजिआइ प्रुडेन्सियल इन्स्योरेन्स | १.३ | ३.७० |
| युनाइटेड अजोड इन्स्योरेन्स | १.३ | २.७३ |

आ.व ०८/८१ को स्वीकृत जोखिममा आधारित बीमांकिय मुल्यांकन प्रतिवेदनका आधारमा जीवन तथा निर्जीवन बीमकहरुको सोल्भेन्सी अनुपात तोकिएको १.३ को सिमा भन्दा माथिनै रहेको देखिन्छ । त्यसैगरी, लघु जीवन बीमकहरुको पनि बीमांकिय मुल्यांकन प्रतिवेदनका आधारमा सोल्भेन्सी अनुपात तोकिएको १.५ को सिमा भन्दा माथिनै रहेको देखिन्छ। तसर्थ, २०८२ साल वैशाख १५ गते सम्म बीमांकिय मुल्यांकन प्रतिवेदन स्वीकृत गराएका बीमकहरु सोल्भेन्ट रहेका छन्। जीवन तर्फ सोल्भेन्सी अनुपात सबै भन्दा बढी रिलायबल नेपाल लाईफको ३.६१ रहेको छ भने निर्जीवन बीमक तर्फ सिद्धार्थ प्रिमियरको ४.३२ रहेको छ र लघु जीवन बीमक तर्फ लिबर्टी माइक्रो लाइफको २.० रहेको छ।

# प्राधिकरणको मुख्य तथ्यांकहरु

प्राधिकरणले बीमा ऐन, २०७९ ले निर्देशित गरेको कार्य क्षेत्र भित्र रही प्राधिकरणले आफ्नो काम कार्यवाही गर्दै आएको छ । आ.व. २०८१/८२को चैत्रमसान्तसम्ममा प्राधिकरणको मुख्य उपलब्धी सम्बन्धी तथ्यांक देहाय बमोजिम रहेका छन् ।

## १. उजुरी दर्ता तथा फछ्यौंट

| विवरण | | आर्थिक वर्ष | |
|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ (चैत्र मसान्तसम्म) |
| गत वर्षको निवेदन बाँकी संख्या | | १९२ | २८७ |
| यस वर्षको निवेदन संख्या | केन्द्रिय कार्यालयमा | १५९ | ११६ |
| | प्रदेश कार्यालयमा | ८५ | ७६ |
| | कुल दर्ता | २४४ | १९२ |
| पुनरावेदनबाट आएका मुद्दाको संख्या | | १ | ३ |
| **जम्मा निवेदन** | | **४३७** | **४८२** |
| फैसला/सहमति भएका मुद्दा संख्या | फैसला | १०१ | ६३ |
| | सहमति | ४९ | २१ |
| | जम्मा फछ्यौंट | १५० | ८४ |
| **बाकीं संख्या** | | **२८७** | **३९८** |

प्राधिकरणमा यस आ.व.को चैत्र मसान्तसम्ममा कुल ४८२ वटा उजुरी दर्ता भएका छन् जसमध्ये ६३ वटा उजुरी मुद्दा फैसलाबाट र २१ वटा उजुरी सहमतीबाट गरी कुल ८४ वटा उजुरी फछ्यौंट भएका छन् भने ३९८ वटा उजुरी फछ्यौंट हुन बाँकीनै छ ।

### २. स्थलगत निरिक्षण

| निरिक्षण | जीवन | निर्जीवन | पुनर्बीमा | लघु जीवन | लघु निर्जीवन | Total |
|---|---|---|---|---|---|---|
| नियमित निरीक्षण | ४ | ८ | ० | ३ | 0 | १५ |
| आकस्मिक निरीक्षण | ४ | ४ | १ | १ | 0 | १० |
| AML/CFT सम्बन्धी | ६ | ० | ० | ० | 0 | ६ |
| **जम्मा निरीक्षण** | १४ | १२ | १ | ४ | 0 | ३१ |

आ.व २०८१/८२ बैशाख १५ गतेसम्ममा ४ जीवन बीमक, ८ निर्जीवन बीमक, र ३ लघु जीवन बीमक गरी कुल १५ वटा नियमित स्थलगत निरीक्षण गरिएको छ भने १० वटा आकस्मिक निरीक्षण गरिएको छ। साथै, ६ वटा बीमकहरुमा AML/CFT सम्बन्धी निरीक्षण समेत सम्पन्न भएको छ।

### ३. बीमालेख स्वीकृति

आ.व २०८१/८२ बैशाख १५ गतेसम्ममा प्राधिकरणबाट कुल १५ वटा जीवन बीमालेखहरु र ०८ वटा निर्जीवन बीमालेखहरु स्वीकृति भएकाछन्। त्यसै गरी, छ वटा बीमांकी नियुक्ती स्वीकृत गरेको छ।